# गल्याङ नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

## गल्याङ,स्याङ्जा,गण्डकी प्रदेश,नेपाल

## नीति तथा कार्यक्रम

## आर्थिक वर्ष २०८१/०८२

# नगरसभामा १५ औं अधिवेशनमा
# नगर प्रमुख एवं सभाका अध्यक्ष
# गुरुप्रसाद भट्टराईद्धारा
# प्रस्तुत

## आर्थिक वर्ष २०८१/०८२ को
## नीति तथा कार्यक्रम

**गल्याङ नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
**गल्याङ, स्याङ्जा, गण्डकी प्रदेश, नेपाल**

**वि.सं.२०८१ साल असार १० गते**

# गल्याङ नगरपालिका
# आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम

## "बसौं बसौं लाग्ने गाँउ र सहर, समुन्नत र समृद्ध गल्याङ नगर"

**नगरसभाका सदस्यहरु !**

**सर्वप्रथम गल्याङ नगरपालिकाको नगरसभाको १५ औं अधिवेसनमा हार्दिक स्वागत गर्दछु ।**

गल्याङ नगरपालिकाको आर्थिक वर्ष **२०८१/०८२** को नीति तथा कार्यक्रम, यस गरिमामय नगरसभाको १५ औं अधिवेसन समक्ष प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै खुशी लागेको छ । यस अवसरमा सर्वप्रथम नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र स्थानीय स्वशासन, सार्वभौमसत्ता, स्वाधिनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान साथै लोकतन्त्र प्राप्तिका लागि भएका विभिन्न ऐतिहासिक जनआन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । नगरवासीले दिएको अगाध माया र ममताबाट प्रेरित भई मैले गल्याङ नगरलाई बसौं बसौं लाग्ने गाँउ र सहर निर्माण संगै समुन्नत र समृद्ध नगरपालिकाको रुपमा अघि बढाउन महत्वपूर्ण नीति तथा कार्यक्रम यस सभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

### नीति तथा कार्यक्रम

गल्याङ नगरपालिकाको आगामी २०८१/०८२ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा लोककल्याणकारी अवधारणा, संविधानले परिकल्पना गरेको समाजवादतर्फको यात्रा र विकासको क्रममा आर्थिक, सामाजिक र सांस्कृतिक रुपमा पछाडि परेका समुदाय तथा बर्गहरु समेतलाई मध्यनजर गर्दै नगरवासीको सर्वोपरी हितलाई केन्द्र भागमा राखी तयार पारिएको छ । नीति तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा नेपालको संविधान,स्थानीय सरकार संचालन ऐन,२०७४,अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४, दिगो विकास लक्ष्य,स्थानीय विकास रणनीति, नेपाल सरकारको सोह्रौं योजना,गण्डकी प्रदेशको दोस्रो पञ्चवर्षिय योजनाको आधारपत्र र संघ तथा प्रदेश सरकारले लिएका नीति तथा कार्यक्रम, गत आ.व.का नीति कार्यक्रम तथा बजेट,

बुद्धिजीवी, नागरिक समाज र विभिन्न माध्यमबाट प्राप्त सुझावलाई समेत मार्गदर्शनको रुपमा लिएको छु ।

अघिल्लो बर्ष पारित गरिएको नीति तथा कार्यक्रमलाई मूर्त रुप दिनको लागि दीर्घकालीन महत्वका कार्यहरुको शुरुवात भएको जानकारी गराउन चाहन्छु । गल्याङ नगरपालिकाको नीति, योजना तथा कार्यक्रमहरु पहिचान गरि नीतिगत निर्णय गर्दै,कानूनी प्रवन्ध मिलाउन प्रभावकारी रुपमा कार्यसम्पादन गर्न सम्पूर्ण जनप्रतिनिधी तथा कर्मचारी संयन्त्रबाट कार्य भई आएको व्यहोरा अवगत नै छ । नगरपालिकाद्धारा सम्पादित कार्यहरुमा स्थानीय राजनीतिक दल, बुद्धिजीवी, समाजसेवी, नागरिक समाज र आम संचारको भूमिका अझ महत्वपूर्ण रहेको छ । यी सबै पक्षलाई ध्यान दिई प्राप्त सुझावहरु समेतलाई आत्मसात गरि आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम तर्जुमा गरेको छु ।

सुशासन नै लोकतन्त्रको आधारस्तम्भ भएकोले गल्याङ नगरपालिकाबाट हुने शासन, विकास र सेवा प्रवाहमा जवाफदेहीता,पारदर्शिता, आर्थिक अनुशासन तथा सामाजिक न्यायलाई अङ्गिकार गर्दै सुशासन युक्त नगर निर्माण गर्दै विधिको शासन सुनिश्चितता गरिनेछ। स्थानीय जनताको जीवनस्तर माथि उकास्न स्थानीय ज्ञान, सीप र क्षमतालाई प्रश्रय दिने नीति अवलम्बन गरिनेछ ।

नगरपालिकाको आवश्यकता तथा नगरवासीको चाहनालाई आत्मसात गर्दै आगामी आर्थिक बर्ष **उत्पादन, उत्पादकत्व र रोजगारी**को वर्ष हुनेछ । नगरबाट सम्पादन हुने कार्यहरुमा सहकार्य, साझेदारी, समन्वय, सम्प्रेषण र अनुगमनलाई मूख्य आधार बनाई कार्यान्वयन गर्नका लागि गल्याङ नगरपालिकालाई थप कृयाशिल बनाइनेछ ।

**सभाका सदस्यहरु,**

**अब म तपाइहरु समक्ष विषयगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।**

**विषयगत नीतिहरु :**

### क) संस्थागत विकास, सेवा प्रवाह र सुशासन नीति :

- गल्याङ नगरपालिकाबाट प्रदान गरिने सार्वजनिक सेवा प्रवाहलाई सहज, सरल र पारदर्शी बनाउदै आफ्नै नयाँ प्रशासकीय भवनबाट सेवा प्रारम्भ गरिनेछ, सुचना प्रविधिको प्रयोगबाट सेवा प्रवाहलाई जनमैत्री बनाउदै लगिनेछ ।
- सेवाग्राहीहरुलाई सेवा प्राप्तिमा आइपर्ने समस्या समाधान गर्न नगरपालिकामा नागरिक सहायता कक्षको स्थापना गरिने छ वडा कार्यालयहरुमा गुनासो सुन्ने

अधिकारीको व्यवस्था गरिनेछ भने हाल यस नगरपालिका र अन्तर्गतका वडा कार्यालयहरुमा रहेका डिजिटल नागरिक वडापत्रहरुलाई अध्यावधिक गर्दै वडापत्र नभएका वडाहरुमा सेवा थप गरिनेछ ।

- गल्याङ नगरपालिकामा आर्थिक सुशासन कायम गर्न विद्यमान कानुनको पूर्ण पालना गर्दै सम्परीक्षणको माध्यमबाट कार्यालयको नाममा रहेको बेरुजु कम गरी शुन्य वेरुजु कायम गर्ने नीति अवलम्बन गरिनेछ ।
- जनप्रतिनिधिहरूको क्षमता विकास गर्न तालिम तथा प्रशिक्षण कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्दै लगिने छ ।
- युवाहरुलाई लक्षित गरि सञ्चालित निजामती सेवा, शिक्षक सेवा, बैक तथा वित्तिय सेवा तयारी कक्षा र लोकसेवा तयारी कक्षालाई थप परिस्कृत रुपमा निरन्तर सञ्चालन गरिनेछ ।
- नगरपालिकाले सम्पादन गरेका कार्यहरु पारदर्शी बनाउन विद्युतीय शासनको अवधारणा अवलम्वन गर्दै लगिने छ ।
- प्रशासनिक स्वच्छता र निश्पक्षता नगरपालिकाको ध्येय हुनेछ, यसका लागि सेवाग्राही र कर्मचारी वीच अन्तर्क्रिया तथा प्रशिक्षण कार्यक्रम समेत संचालन गरिने छ ।
- सुशासनका आयामहरुको पुर्ण पालना गर्दै भ्रष्ट्राचार सम्बन्धी शुन्य सहनशिलताको नीति अवलम्बन गरिने छ ।
- गल्याङ नगरपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवा, विकास कार्यहरुको प्रभावकारी अनुगमनको लागि एक अनुगमन इकाइको स्थापना गरिनेछ ।
- **जनस्तरका गुनासा र समस्याको समाधानका लागि टोल फ्रि नंम्बर**लाई तत्कालै सञ्चालन गरी नगरलाई प्राप्त हुने सुझाव र गुनासाहरु सहज र विश्वसनीय तवरबाट सम्वोधन गरिनेछ ।
- सार्वजनिक सेवाको प्रभावकारिता मापनको लागि सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण र सार्वजनिक परीक्षण कार्यक्रम नगर स्तर र वडा स्तरमा निरन्तर रुपमा सञ्चालन गरिनेछ ।
- नगरपालिकाको चालु खर्च व्यवस्थापनलाई नतिजामूलक बनाउदै आन्तरिक श्रोत परिचालनमा वृद्धि गरिनेछ ।

- नगर भित्रको सुरक्षालाई थप मजबुत बनाउन तथा सेवालाई शसक्त र गुणस्तरीय बनाउन  नगर प्रहरीको क्षमता विकास, तालिम तथा आवश्यक श्रोत साधन उपलब्ध गराई  नतिजामूलक सुरक्षा बलको रुपमा विकास गर्दे लगिनेछ ।
- नगरपालिकामा न्यायिक इजलास कक्ष निर्माण गरि प्राप्त अधिकार क्षेत्रको प्रयोग गर्दै न्याय प्रणालीलाई कम खर्चिलो र विश्वसनिय बनाउदै लगिने छ साथै मेलमिलापकर्ताको क्षमता अभिबृद्धी गरि स्थानीय विवादहरु वडा स्तरमै मेलमिलाप गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- नगरसभा वा कार्यपालिकाले स्विकृत गरेका ऐन, नीति, नियम, निर्देशिका, कार्यविधि, आदेशपत्र वा नगरपालिकाले नेपाल सरकार, प्रदेश सरकार र स्थानिय तह सगं गरेका सम्झौताहरु राजपत्रमा प्रकाशित गरिनेछ ।
- नगरपालिका अन्तर्गत कार्यरत उत्कृष्ट कार्यसम्पादन भएका **वडा कार्यालय,शाखा कर्मचारी, शिक्षक,उपभोक्ता समितिलाई प्रोत्साहन स्वरुप पुरस्कृत गरिनेछ** ।

## ख) पूर्वाधार र शहरी विकास नीतिः

- नगर क्षेत्र भित्रका सडकहरुलाई निश्चित मापदण्ड अनुसार थप विस्तार र स्तरोन्नति गर्दे लगिनेछ  ।
- **आगामी ३ वर्ष भित्र वडाका केन्द्रलाई जोड्ने सडकलाई स्तरोन्नती तथा कालोपत्रे सडकले जोड्ने गरि कार्यक्रम कार्यान्वयनका लागि संघ र प्रदेशसंग सहकार्य गर्दे अगाडी बढिनेछ  ।**
- पूर्वाधार विकासमा सार्वजनिक निजी साझेदारीलाई प्रोत्साहित गर्दै  सहरी तथा घना वस्ती क्षेत्रमा लागत सहभागिता मार्फत कार्यक्रम कार्यान्वयन गरि विकासमा नागरिकको अपनत्व वृद्धि गरिनेछ ।
- **गल्याङ बजारसंग जोडिएका मुख्य सडकहरु आगामी ३ वर्ष भित्र स्तरोन्नति र कालोपत्रे गर्ने गरि संघ र प्रदेश सरकारको समन्वय र सहकार्यमा निर्माण कार्यको निरन्तरता दिइने छ** ।
- सडक पुल लगायत भौतिक पूर्वाधार निर्माण गर्नु पूर्व प्रारम्भिक वातावरणीय परीक्षण प्रभाव मुल्याङ्कन, सामाजिक प्रभाव मुल्याङकन तथा भौगर्भिक अध्ययन गरिने छ ।
- आ.व ०८०/८१ मा वडा नं ५ **पुर्व वडाध्यक्ष स्वर्गिय विष्णु क्षेत्रीको नाममा नामाकरण गरिएको जोगिमारा- स्यालबास - ताम्केकोट सडकलाई संघ र प्रदेश सरकारसंग समन्वय गरि निर्माण कार्य अगाडी बढाइनेछ ।**

- **गल्याङ -गराङ्दी-गुठी-ईलुङ्गा सडकको स्तरोन्नती तथा कालोपत्रे गर्ने कार्य प्रदेश सरकारको साझेदारीमा यसै आ.व मा थालनी गरिने छ।**
- बज्रे-तिनदोबाटे हुदै पकवादी खस्कुना सम्मको सडक स्तरोन्नती संगै कालोपत्रे सम्पन्न गर्ने कार्य निरन्तर अगाडी वढाईनेछ।
- गल्याङ निवुवाखर्क मोहनडाडा, सेतीवेणी सडक खण्डमा संघीय सरकार र गल्याङ नगरपालिकाको समपुरक कार्यक्रम अन्तर्गत स्तरोन्नती तथा कालोपत्रे कार्यलाई निरन्तरता दिइनेछ । सेतीवेणी -पेलाकोट-गल्याङ खण्डको सडकलाई यथासिघ्र सम्पन्न गर्न संघिय सरकारसंग आवश्यक पहल गरिनेछ।
- निर्माणाधिन करादी तिनदोबाटे चित्डाडाँ मैदान सडक संघ, प्रदेश र नगरको समन्वयमा स्तरोन्नति कार्य लाई निरन्तरता दिइनेछ।
- कर्मचौर- हुगीघाट सडक संघिय सरकार र प्रदेश सरकारसंग समन्वय गरि टेण्डर प्रकृयामा रहेको हुदा निर्माण कार्य अगाडी वढाई सम्पन्न गरिनेछ।
- गल्याङ पड्काङ ग्वादी राम्चे हुदै सल्यान स्यालवास सडकको स्तरोन्नती तथा कालोपत्रे गर्ने कार्य संघ सरकारको सहयोग र सहकार्यमा निर्माण कार्यलाई निरन्तरता दिइने छ।
- बसिण्डाडा- उत्तरवाहिनी सडक र ठूलीवारी-गाउँ कोटकालिका - बोझाडी-कटुवा ग.न.पा वडा नं १ सडक स्तरोन्नति तथा कालोपत्रेका लागि प्रदेश र संघ सरकारसंग समन्वय गर्दे अगाडी बढाइने छ।
- मालुङ्गा-ढाव सडक, भ्याकुते पधेरा-धनुवासे सडक,करादी-तुलसीभञ्ज्याङ-लवरकोट सडक, सेरा-खानी सडक,करादी-चिदियार उमाकोट-टेके-आपचौर सडक,कल्लेरी-थुम दारेगौडा सडक,मुलिवास-सेनथुम्का सडक, मोहनडाडा-वेतेयनी वाण्ठा सडक मोतिचौर-सेतीवेणी-सल्यान सडक,डुडे बजार देखी भाल्थुम कालिका सडक,सालघारी - देविस्थान सडक लगायत अन्य आवश्यक सडकहरुको संघ र प्रदेश सरकारको सहयोगमा स्तरोन्न्तीका लागि आवश्यक पहल गरिनेछ।

- नगरपालिका भित्रका बस्ती/टोलका घरहरुको तथ्यांक ब्यवस्थापन अन्तरगत घर नम्बर कायम गरि अभिलेखको रुपमा राखि सोही अनुसार सेवा प्रवाहलाई जनमैत्री बनाउदै लगिने छ।
- नगरपालिका भित्रका सडकहरुका आवश्यक स्थानहरुमा नाला निर्माण गरि ब्यवस्थीत गरिनेछ।

वडा नं.३ र ११ मुड्कील्ला मा आधारभुत सुविधा सहितको नगरस्तरीय वसपार्क निर्माण गर्न आवश्यक जग्गा खरिद प्रकिया अन्तिम चरणमा पुगेकोले विस्तृत परियोजना

प्रतिवेदन तयार गरि यसै आ.व बाट बजेट ब्यवस्था गरि निर्माण कार्य अगाडी बढाइने छ ।

- गल्याङ नगरपालिका क्षेत्रभित्र निर्माण गरिने भौतिक पूर्वाधारहरु अपांगता, वातावरण र लैगिंकमैत्री बनाइनेछ ।

- नगर भित्रका र गल्याङ बजार संग जोडिएका सांघुरा तथा जोखिमयुक्त कच्ची तथा पक्की सडकहरुको ब्यवस्थित स्तरोन्नती गर्दै ढल निकास र ढल व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिइने छ ।
- नगरपालिका भित्रका सबै गोरेटोवाटोहरुको मर्मत तथा स्तरोन्नती गर्दै नागरिकलाई सहज रुपमा आवतजावत गर्ने व्यवस्था गरिदै लगिनेछ ।
- नगरपालिकालाई अन्य पालिकाहरुसंग जोड्ने गरि झोलुङ्गे र पक्की पुलहरुको निर्माण कार्य अगाडि बढाइनेछ । वडा नं ९ जामुने र रम्भा १ साठी पाल्पा जोड्ने कालीगण्डकीमा झोलुङ्गे पुल, गल्याङ - ११ बुढाथोकि डाडा देखि गल्याङ -७ सेनापुक सम्म झोलुङ्गे पुल र आमिलाथुम देखी गेजा टेके वडा कार्यालय जा्ड्ने झोलुङ्गे पुल, काम्लाङ-जिमुवा जोड्ने झोलुङ्गे पुल, संघ र प्रदेश सरकारसंगको सहकार्य र सहयोगमा यसै आ.व मा निर्माण गरिने छ साथै वडा नं ५ देखी गुल्मी कालिगण्डकी गाउपालिका जोड्ने झोलुङ्गे पुल संघ र प्रदेश सरकारसंग सहकार्य र सहयोगमा आवश्यक प्रकीया अगाडी बढाइने छ । साथै अन्य आवश्यक स्थानहरुमा समेत सम्भाव्यता अध्ययन गरिने छ ।
- वेलचौर-नौगाउँ, मालुङ्गा-असेर्दी, मालुङ्गा-दरपुक, वडा नं.२ र वडा नं.४ जोड्ने गुठी शेरा इलुङ्गा कटुवाघाट, लगायतका अन्य आवश्यक क्षेत्रहरुमा पक्की पूल निर्माणका लागि संघ सरकारसंग समन्वय गरि निर्माण गर्न पहल गरिने छ ।
    - **उज्यालो गल्याङ नगर** कार्यक्रम सञ्चालन गरि नगरक्षेत्र भित्रका सडकहरुमा नेपाल विद्युत प्राधिकरणको सह-लगानीमा सडकबत्ती जडान गरिनेछ हरेक घरले सार्वजनिक प्रयोगका लागि बाटो तर्फ बत्ती बाल्न प्रोत्साहित गरिनेछ । गल्याङ बजार लगायतका आवश्यक ठाउहरुमा सीसीक्यामराहरु थप व्यवस्थित गरि आवश्यकताका आधारमा विस्तार गरिनेछ ।
    - **नगरभित्र आर्थिक अभावका कारण विद्युत् सेवा जडान नगरेका सम्पूर्ण घरपरिवारलाई विद्युत् सेवा उपलब्ध गराइ जडान शुल्कमा अनुदान दिइने छ ।**
    - सार्वजनिक/खुला स्थानहरुमा **Public Private Partnership** मोडलमा बाल तथा जेष्ठ नागिरक उद्यानहरु बनाउन पहल गरिनेछ ।

- भवन तथा घरका संरचनाहरु निर्माण गर्दा भूकम्प प्रतिरोधि, वातावरण मैत्री बनाउनका लागि नक्सा पास गर्नेपर्ने नीतिलाई अनिवार्य गर्दे लगिने छ ।
- बजार क्षेत्रभित्रका अव्यवस्थित तारहरुलाई व्यवस्थित बनाइने छ ।
- नगरपालिका भित्र नयाँ सडक निर्माण गर्दा वस्ती पर्यावरण र सम्पदाहरुको क्षति हुन नदिन उच्च सावधानी अपनाइने छ ।
- ग्रामिण सडकहरु १२ महिनै सञ्चालन र मर्मत सम्भारका लागि वडा कार्यालयहरुको समन्वयमा असार, श्रावण र भाद्र महिनाका लागि आवश्यक हेरालु कामदारको व्यवस्था गरिनेछ ।
- निर्माणाधिन वडा नं ५को वडा कार्यालय भवन निर्माण सम्पन्न गरि आफ्नै वडा कार्यालय भवन नभएका वडा नं. २,४, र ८ को कार्यालय भवन आगामी ३ वर्ष भित्रमा निर्माण सम्पन्न गरिने छ ।
- शहरी योजना तथा भवन निर्माण मापदण्ड २०७२ को पूर्ण पालना गरिनेछ । टोल विकास समितिहरुलाई आवश्यक अभिमुखिकरण कार्यक्रम संचालन गरिने छ ।
- योजनाको छनौट र निर्माण गर्दावातावरणीय अध्ययन र जलवायु परिवर्तनको विषयलाई ध्यानमा राखिनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई विशेष प्रभावकारी बनाउदै **पालिका रोजगार कार्यक्रम** समेत सञ्चालन गरिनेछ ।
- गल्याङ चक्रपथ निर्माण गरि लल्याङ, बल्पुक, मुडि्कल्ला, गल्कोट, बमभञ्जयाङ, शिखरडाडा, दिमिक, जिमुहा लगायतका क्षेत्रहरुलाई वजार क्षेत्र घोषणा गरि एकिकृत नमुना वस्ती निर्माणका लागि परियोजना प्रतिवेदन तयार गरिने छ ।
- नगरपालिकालाई खरको छानामुक्त गर्न आवश्यक कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- सिकर्मी, डकर्मी, निर्माण व्यवसायी तथा उपभोक्ता समुहलाई क्षमता विकास कार्यक्रम संचालन गरि दक्ष बनाइने छ ।
- अत्यावश्यक सेवा अन्तरगत प्रत्येक वडामा एक हेलिप्याडको निर्माणका लागि आवश्यक प्रकृया अगाडि बढाइनेछ ।
- गल्याङ नगरपालिकाको दीर्घकालिन, मध्यकालिन र अल्पकालिन योजना एवं क्षेत्रगत गुरुयोजनाहरु तयार गरि कार्यान्वयन गरिनेछ ।

- स्वच्छ वातावरण, हरियाली प्रवर्द्धन, सहरी सौन्दर्यीकरण, गुणस्तरीय पूर्वाधार निर्माण जस्ता अवधारणालाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याई सुन्दर नगरको रुपमा विकास गर्ने कार्यलाई तिब्रता दिइनेछ ।
- विकास निर्माण कार्यमा स्थानीय समुदायको व्यापक सहभागिता र प्रतिस्पर्धा सृजना गर्न स्थानीय टोल सुधार समितिहरु मार्फत गरिने कार्यहरु पहिचान गरी ती कार्यहरु जनस्तरबाट गर्ने व्यवस्था मिलाइने छ । टोल सुधार समितिहरुको सहकार्यलाई ब्यवस्थित तथा प्रभावकारी बनाउन आवश्यक मापदण्ड तयार गरी लागु गरिने छ ।
- गल्याङ नगरपालिकाको बढ्दो सहरीकरणलाई ध्यानमा राखेर फोहोरमैला व्यवस्थापन कार्यलाई व्यवस्थित गर्दै लगिने छ जसको लागि अत्याधुनीक सरसफाई केन्द्र निर्माण गरी कार्य प्रारम्भ गरिने छ ।
- गल्याङ नगरपालिका क्षेत्रभित्र संचालनमा रहेका ठुला व्यावसायिक संघ संस्थाहरुले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत गर्ने खर्चलाई गल्याङ नगरपालिकाको सहरी विकासमा लगानी गर्ने गरी सहकार्य गर्ने नीति लिइनेछ ।

**ग) आर्थिक तथा वित्त नीतिः**

- गल्याङ नगरपालिकाको आन्तरिक श्रोतसाधनको प्रभावकारी परिचालन गर्न प्रगतिशील कर प्रणालीको विकास, सक्षम कर प्रशासनको निर्माण, करको दायरा बिस्तार, र राजस्व चुहावट नियन्त्रणलाई प्रभावकारी बनाउदै लगिने छ ।
- आर्थिक तथा समाजिक न्यायमा आधारित नमूना पालिका निर्माण र आर्थिक समृद्धिको लागि लगानीमैत्री वातावरण तयार गरिने छ ।
- आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन आन्तरिक लेखापरीक्षण र करपरीक्षण कार्यलाई थप प्रभावकारी बनाइनेछ साथै सबै किसिमका पेशा व्यवसाय सञ्चालनको दर्ता, नवीकरण गर्ने कार्य छिटो, छरितो, सरल र पारदर्शी बनाई राजस्वको दायरा वढाउन अनुगमन गरिनेछ
- गल्याङ नगरपालिकाका सम्पूर्ण करदाताहरुको तथ्याङ्क संकलन गरि अभिलेख अध्यावधिक गरिनेछ । राजस्व असुली कार्यमा विभिन्न निकायहरुसँग समन्वय तथा सहकार्य गरि राजस्व परिचालनमा अभिवृद्धि गरिनेछ ।
- करदाताहरुलाई कर प्रणालीमा स्वेच्छिक रुपमा सहभागी गराउँदै समग्र राजस्व प्रशासनलाई करदातामैत्री बनाइने छ । कर तथा गैरकर राजस्व अनुगमन कार्यलाई कडाइका साथ लागू गर्न विशेष अनुगमन टोली गठन गरि परिचालन गरिनेछ ।

- नगरपालिकाको राजश्व संकलन कार्यलाई ब्यवस्थित र मर्यादित बनाउदै संघ र प्रदेश कानूनको परिधी भित्र रहि राजश्वको स्रोतको पहिचान गरि अधिकतम परिचालनको माध्यमबाट आन्तरिक राजश्व बृद्धी गर्ने नीति लिइने छ ।
- कर परिचालनलाई प्रभावकारी बनाउनका लागि करका दरलाई न्युनिकरण गर्दे दायरा बढाउदै लगिनेछ । कर संकलन कार्यमा नागरिकहरुलाई अधिकतम सहभागि गराई भरपर्दो कर प्रणलीको विकास गर्दे लगिने छ ।
- यसै आ.व.बाट नगरको आर्थिक सर्वेक्षणको कार्यलाई निरन्तरता दिइनेछ ।

## घ) शिक्षा भाषा कला तथा साहित्य :

- गल्याङ नगरपालिकाभित्र सामुदायिक विद्यालयमा कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थी संख्याको २० प्रतिशत र क्याम्पसमा अध्ययनरत विद्यार्थी संख्याको १० प्रतिशत गरिव,विपन्न र जेहेन्दार विद्यार्थीहरुलाई पूर्ण छात्रवृत्ति प्रदान कार्यक्रम लाई निरन्तरता दिइने छ
- निश्चित सूचकका आधारमा नगरभित्रका सबै विद्यालयको गुणस्तरियता बृद्धी गर्दे नगर नमूना विद्यालयको अवधारणलाई मुर्त रुप दिइने छ ।
- नगर भित्र स्थानीय पाठ्यकमको आधारमा पाठ्यपुस्तक छपाई गरिनेछ ।
- विद्यार्थीहरुलाई विद्यावारिधी सहायता कार्यकम लागु गरिनेछ ।
- शिक्षकहरूको क्षमता अभिवृद्धिका लागि मागमा आधारित तालिम र पेशागत दक्षताको लागि उत्प्रेरणामुलक तालिमहरु प्रदान गरिनेछ ।
- गल्याङ बहुमुखी र मालुङ्गा क्याम्पसको शैक्षिक गुणस्तर वृद्धि गर्दै दुवै क्याम्पसलाई नमूना शैक्षिक केन्द्रको रुपमा विकास गर्न आवश्यक पहल गरिने छ ।
- अभिभावक विहिन, अति विपन्न तथा बालबालिकाहरूको लागि आवश्यक शैक्षिक सामाग्रीको वितरणलाई निरन्तरता दिइने छ ।
- सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण तथा मर्मत सम्भार कार्यलाई संघ प्रदेश सरकारको समन्वयमा र सहकार्यमा सम्पन्न गरिने छ ।
- विद्यालयको समग्र पक्षको सुधारका लागि नियमित अनुगमन मूल्याङकन र नियमनलाई थप प्रभावकारी बनाउदै परिणाममुखी बनाइने छ ।
- सबै विद्यालयका कम्प्युटर शिक्षकहरुलाई ICT तालिम प्रदान गरि आधुनिक प्रविधिमैत्री बनाउदै प्रभावकारी शिक्षण व्यवस्था गर्दे लगिने छ ।
- खोज अनुसन्धान तथा नवप्रवर्तनलाई प्रवर्द्धन गर्न सहकार्य र समन्वयमा एक शैक्षिक अनुसन्धान केन्द्र Innovation Center को स्थापना गरिनेछ ।
- कक्षा ३, ५ र ८ को नगरस्तरीय स्तरमापन परीक्षालाई थप प्रभावकारी बनाइनेछ भने उत्कृष्ट विद्यालयलाई पुरस्कृत गरिनेछ ।

- वालबालिका संग नगरप्रमुख कार्यक्रम लाई निरन्तरता दिइनेछ ।
- विद्यालय स्तरमा अध्ययनरत छात्र-छात्राहरुलाई आत्मरक्षाका तालिमका साथै खेलकुद विकास गर्ने कार्यक्रमहरु संचालन गरिनेछ ।
- शिक्षालाई व्यवसायी र उत्पादनमुखी बनाउन विद्यालयमा परम्परागत सीपको अध्ययन गराईने नीति लिइनेछ ।
- शिक्षा भाषा तथा साहित्यको विकासका लागि गल्याङ प्रज्ञा प्रतिष्ठानको स्थापना गरि भाषा, कला सस्कृति साथै विभिन्न सास्कृतिक संघ सस्थाहरुलाई संरक्षण सम्वर्द्नन र प्रवद्दन गरिने छ ।
- नृत्य, गायन, बक्तृत्वकला, लेखन तथा पठनशैली लगायतका विधाहरुमा आधारित भई विद्यार्थिहरुको क्षमता अभिवृद्धिका लागि Galyang Talent Show कार्यक्रम लाई निरन्तरता दिइनेछ ।
- **समाजलाई सुसंस्कृत सभ्य एंव नैतिकवान बनाई अनुशासित मर्यादित योग्य र सक्षम नागरिक उत्पादन गर्न गुरुकुल शिक्षा,योग शिक्षा (पूर्विय दर्शन) र संस्कार शिक्षालाई प्रभावकारी बनाइने छ ।**
- शिक्षकहरुलाई प्रविधिको माध्यमबाट शिक्षण सिकाई क्रियाकलाप संचालन गर्न क्षमता विकास कार्यक्रम ल्याइनेछ ।
- वार्षिक रुपमा नगरशिक्षा सभाको आयोजना गरिनेछ ।
- **उपमेयर संग शिक्षिका कार्यक्रम** संचालनलाई निरन्तरता दिइने छ।
- किशोरावस्थाका युवायुवतीहरुमा बढ्दो लागु औषध तथा दुर्व्यसनीलाई न्यूनिकरण एंव निर्मुल गर्न क्याम्पस तहका विद्यार्थी तथा एक विद्यालय एक शिक्षकहरुलाई प्रशिक्षक प्रशिक्षण तालिम (TOT)को व्यवस्था मिलाई आधारभुत तथा माध्यामिक तहका विद्यार्थिहरुलाई प्रशिक्षित गरि सचेतना अभियान संचालन कार्य थप प्रभावकारी बनाइने छ ।
- नगरभित्रका विद्यालय तथा सामुदायिक भवनहरुमा संघसंस्थाहरुको समन्वयमा पुस्तकालय तथा वाचानालयहरु समेत थप गरि सामुदायिक सिकाई केन्द्रका रुपमा विकास गरिने छ ।
- बालविकास तथा पूर्व प्राथमिक तहका शिक्षकहरुलाई पेशागत विकास तालिम व्यवस्थापन गरिने छ ।
- **सफा विद्यालय सुन्दर विद्यार्थी अभियानका लागि कम्पाउण्ड तथा कक्षाकोठाको सरसफाई उत्कृष्ट राख्ने विद्यालयलाई पुरस्कृत गरिने छ ।**
- विद्यालयको लागि मर्मत तथा सम्भार कार्यका लागि आवश्यकताका आधारमा बजेट व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

- शैक्षिक क्यालेण्डरको निर्माण गरि प्रभावकारी कार्यान्वयन गरिने छ  साथै निश्चित मापदण्ड तयार गरि शैक्षिक गुणस्तर वृद्धि गरिदै लगिनेछ ।
- **उत्कृष्ट शिक्षक,विद्यार्थी,अभिभावक सम्मान कार्यक्रम** थप परिस्कृत गरिदै लगिनेछ ।
- वालवालिकाहरुलाई घर तथा विद्यालयको वातावरणले पार्ने मनोवैज्ञानिक असरका बारेमा सचेत तुल्याउन **अभिभावक शिक्षा कार्यक्रम संचालन गरिनेछ ।**
- असल खानपान र शारीरिक तन्दुरुस्ति संबन्धी शिक्षाका लागि **एक विद्यालय एकयोग गुरु** बनाउन योगा प्रशिक्षक प्रशिक्षण संचालन गरिने छ ।
- शिक्षकहरुका वीचमा मैत्रीपूर्ण प्रतिस्पर्धाको लागि शैक्षिक विषयवस्तुमा आधारित प्रतियोगितात्मक कार्यक्रमको निरन्तरता गरिनेछ  ।
- त्रैमासिक रुपमा प्र.अ. नगरप्रमुख अन्तरकृया कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।
- प्रत्येक सामुदायिक विद्यालयमा फष्ट एड (First Aid) र छात्राहरुका लागि निशुल्क उपलब्ध स्यानेटरी प्याड डिस्पोजल मेसिन उपलव्ध गराउने नीति लिइनेछ ।
- प्राविधिक शिक्षा संचालन भएका विद्यालयहरुलाई थप सुदृढ बनाई योग्य जनशक्ति उत्पादनमा जोड दिइनेछ ।
- नगरभित्रका सामुदायिक विद्यालय तथा सार्वजनिक क्याम्पसहरुलाई संघ र प्रदेश सरकारसंगको सहकार्यमा आवश्यक पूर्वाधार तथा संचालन अनुदान निरनतरता गरिने छ ।
- आधारभूत तथा माध्यमिक शिक्षामा सवैको पहुँच पुग्ने गरि प्रत्यक्ष रुपमा शिक्षण सिकाईलाई व्यवस्थित बनाइनेछ र  सूचना प्रविधिको प्रयोगको माध्ययमबाट अध्यापन कार्य संचालन गर्नको लागि प्रत्येक विद्यालयमा प्रविधिको विस्तार गरिदै लगिने छ ।
- निजी तथा संस्थागत विद्यालयहरुलाई विद्यार्थीको क्षमता विकासका लागि रचनात्मक क्रियाकलाप संचालनको लागि आवश्यक आर्थिक तथा प्राविधिक सहयोग प्रदान गरिने छ ।
- नगरको भाषा कला संस्कृती रहनसहन भौगोलिकता आदिलाई समेटेर छुट्टै नगर गान तयार गरिने छ
- नगरभित्रका विद्यालयहरुलाई प्रविधिमैत्री बनाउन सूचना प्रविधिको विस्तार र सुधारमा जोड दिइनेछ ।
- शैक्षिक संस्था,आमा समुह, रेडक्रस, युवा क्लव र विभिन्न गैरसरकारी संस्थाहरुको सहकार्यमा युवा परिचालन गरि मानवीय सेवा, विपद व्यवस्थापन तथा वातावरण संरक्षण जस्ता कार्यलाई प्रभावकारी बनाइने छ ।

- शिक्षामा समतामुलक पंहुचको सुनिश्चितता, गुणस्तरमा सुधार, अव्वल व्यवस्थापकीय क्षमताको विकास, असल अभ्यासहरुको आदानप्रदान, **“आशालाग्दा अभ्यास”** र **“प्रयास गरे परिवर्तन संभव छ”** जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ । जसका लागि Mentoring **र साथी शिक्षक कार्यक्रम लागु गरिनेछ ।**
- प्र.अ., शिक्षक तथा वि.व्य.स. पदाधिकारी समेतको सहभागितामा असल अभ्यास भएका विद्यालयको अवलोकन भ्रमण गरिनेछ ।
- नगरभित्रका स्नातकोत्तर उत्तिर्ण कम्तिमा पांच जना व्याक्तिहरुलाई विषयगत प्रशिक्षक प्रशिक्षण तालिम प्रदान गरि संवन्धित क्षेत्रमा परिचालन गरिनेछ ।
- माध्यमिक तहका विद्यालयमा व्यावहारिक र प्रयोगात्मक शिक्षाको अभ्यास गराउन एक विद्यालय एक पेशा व्यावसाय शिक्षा कार्यक्रम लागु गर्न विद्यालय हरुलाई प्रोत्साहन गरिनेछ ।

**ङ)जनस्वास्थ्य, पोषण तथा सरसफाइ नीति:**

- नगरवासीहरुलाई निशुल्क आधारभूत स्वास्थ्य सेवा प्रदान गरिनुका साथै आधारभूत र आकस्मिक स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाइनेछ ।
- विभिन्न संस्थाको समन्वयमा नगरभित्र एम्बुलेन्स सेवालाई २४ सै घण्टा प्रभावकारी रुपमा सञ्चालन गरिने छ ।
- नगर अस्पताल, मालुङ्गा प्राथमिक स्वास्थ्य केन्द्र लगायत नगरभित्रका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा मापदण्ड अनुसार अत्यावश्यक उपकरण, औषधि र जनशक्तिको उपलब्धता सुनिश्चित गरिनेछ ।
- स्वास्थ्य सुधारमा गैर-स्वास्थ्य क्षेत्रको संलग्नता, सहकार्य र जिम्मेवारीलाई दृष्टिगत गरी सबै नीतिमा स्वास्थ्य (Health in All Policy) तथा एक स्वास्थ्य नीति (One Health Approach) अवलम्बन गरिनेछ ।
- नगरवासीहरुको स्वास्थ्य सुधार योजना अन्तर्गत **Disease Screening** कार्यक्रम लाई निरन्तरता दिदै Screening को दायर बढाई थप प्रभावकारी बनाउदै लगिनेछ ।
- सुरक्षित प्रसूती सेवा प्रदान गर्न हाल संचालनमा रहेका नगर अस्पताल, मालुङ्गा प्राथमिक स्वास्थ्य केन्द्र र पिडिखोला स्वास्थ्य चौकी को वर्थिङ्ग सेन्टर सेवालाई थप सुदृढ गरी Zero Home Delivery पालिका निमार्ण गरिनेछ ।
- खोप भण्डारण, ढुवानी र स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि तथा खोप केन्द्र भवन निमार्ण गरी राष्ट्रिय खोप कार्यक्रमलाई थप प्रभावकारी बनाउदै पूर्ण खोप सुनिश्चित पालिका घोषणा कार्यक्रमलाई दिगोपना कायम गरिनेछ ।

- गर्भवती तथा सुत्केरी महिलाको स्वास्थ्य प्रवर्धन गर्न नगरपालिका भित्रका सम्पुर्ण गर्भवती तथा सुत्केरी महिलाहरुलाई निःशुल्क क्याल्सियम चक्की वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ भने गर्भवती महिला तथा गर्भमा रहेको शिशुको भिडियो एक्सरे मार्फत स्वास्थ्य जाँच गर्ने कार्यलाई यसै आ.व देखी हरेका वडामा संचालन गर्नेगरी व्यवस्था मिलाइएको छ ।
- निर्माणको अन्तीम चरणमा रहेको मालुङ्गा प्राथमिक स्वास्थ्य केन्द्र लाई विशेषज्ञ सेवा सहितको १५ शैयाको आधारभुत अस्पताल को रुपमा पुर्ण क्षमतामा सञ्चालन गरिनेछ साथै स्वास्थ्य विमामा आवद्ध नागरिकहरुले सेवा लिए वापतको सोधभर्ना भुक्तानीका लागी इलेक्ट्रोनिक प्रविधि मार्फत वास्तविक समय (Real Time) दावी गर्ने व्यवस्था मिलाइने छ ।
- क्षयरोग पहिचान, निदान, उपचार तथा पुनर्स्थापनाका कार्यक्रमलाई निरन्तरता दिइने छ । उपचाररत विपन्न क्षयरोगी विरामीलाई पौष्टिक आहारको व्यवस्था गरिनेछ ।
- मेडिकल तथा औषधीजन्य फोहोरमैला वैज्ञानिक ढङ्गले व्यवस्थापन गर्ने व्यवस्था मिलाइने छ ।
- सबै स्वास्थ्य संस्थामा डिजिटल रेकडिङ तथा रिपोर्टिङ गर्न eHMIS प्रविधिको अवलम्बन गरिनेछ ।
- स्वास्थ्य संस्थाको आफ्नो भवन नभएका वडाहरुमा संघ र प्रदेश सरकारको समन्वयमा मापदण्ड अनुसारको भवन यसै आ.व मा निर्माण गरी सेवा सुचारु गरिनेछ । संघ र प्रदेश सरकारको समन्वयमा पिडीखोला स्वास्थ्य चौकि भवन मर्मत तथा स्तरोन्नती कार्य यसै आ.व बाट सूरु गरी आवश्यक उपकरण सहित सेवा सुदृढ गरिनेछ ।
- मालुङ्गामा निर्माण सम्पन्न प्राकृतिक चिकित्सालयलाई बैकल्पिक चिकित्सा उपचार केन्द्रको रुपमा बिकास गरिनेछ ।
- नगरपालिका भित्रका सम्पुर्ण विद्यालयका कम्तिमा एक जना शिक्षकलाई प्राथमिक उपचार तालिम दिई प्राथमिक उपचार सेवा दिन सक्षम बनाइने छ। छात्र छात्राहरुलाई प्रजनन स्वास्थ्य सम्बन्धी प्रारम्भिक प्रजनन् स्वास्थ्य ज्ञान प्रदान गर्न विद्यालय शिक्षकलाई प्रजनन् स्वास्थ्य तालिम प्रदान गरिनेछ ।
- गल्याङ नगर अस्पतालमा O&M प्रतिवेदन अनुसार कर्मचारी, स्वास्थ्यकर्मी, आवश्यक औजार उपकरणको व्यवस्थापन गरी अस्पतालको सुदृढिकरण गरिनेछ । नगर अस्पताललाई प्रदेश मातहतको अस्पतालका रुपमा विकास गर्न आवश्यक पहल गरिनेछ ।
- नीजी स्वास्थ्य संस्था, क्लिनिक, फार्मेसी, प्रयोगशाला लगाएतको नियमित अनुगमन साथै नीजी स्वास्थ्य संस्था नगरपालिकामा सूचिकृत हुनुपर्ने व्यवस्थाको नियमन गरिनेछ ।

- गल्याङ नगर अस्पतालको सेवा विस्तार गर्ने क्रममा आ.व २०८०।०८१ मा सुरक्षित प्रसूती सेवा र दन्त सेवा क्लिनिकको सुभारम्भ भए सँगै यस आ.व मा नेत्र रोग प्राविधिक सहितको आँखा स्वास्थ्य क्लिनिक सञ्चालन गरिनेछ ।
- पालिकाको केन्द्र देखि टाढा रहेका र बिरामी चाप बढी भएका स्वास्थ्य संस्थामा आधारभूत प्रयोगशाला सेवाको स्थापना गर्ने नीती लिइएको छ ।
- वृद्धवृद्धाको स्वास्थ्य लाई ध्यान राख्दै रामनदीधाम वृद्धाआश्रम र गूरुकुलको पहुँच क्षेत्र भित्र रहने गरि प्रत्येक महिना **आयुर्वेद स्वास्थ्य गाउँघर क्लिनिक** संचालन गरिने छ ।
- जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दीर्घ रोगी, अशक्त, असहाय व्यक्तिहरुको समय समयमा घरदैलोमै पुगी स्वास्थ्य जाँच, उपचार तथा परामर्श सेवा प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।
- सुरक्षित मातृत्वको अवधारणालाई मुर्त रुप दिइ भ्रुण हत्या कम गर्न र छोरी सुरक्षा अन्तरगत **नगरकी छोरी कार्यकम** मार्फत नवजात वालिकाको बैंक खाता सञ्चालन गरि पालिकाको तर्फबाट रु ५ हजार प्रोत्साहन रकम प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- **स्वस्थ नगर स्वस्थ्य नागरिक कार्यक्रम** संचालन गर्न जनचेतनामुलक कार्यक्रम अभियानका रुपमा संचालन गरिनेछ ।
- समुदाय र विद्यालयमा  जनस्वास्थ्य प्रवर्द्धन तथा सचेतनाको लागि **विद्यालय नर्स, समुदाय नर्स** जस्ता कार्यक्रम सञ्चालन गरिने छ  ।
- विभिन्न सरकारी तथा गैरसरकारी सामुदायिक तथा निजी स्वास्थ्य संस्थाको साझेदारीमा विशेषज्ञ सेवा सहितको स्वास्थ्य शिविर कार्यलाई निरन्तरता दिईनेछ ।
- नगरमा एम्बुलेन्स सेवाको विस्तार गर्दै प्रभावकारी संचालनको लागि जी.पी.एस ट्र्याकीङ प्रविधिको व्यवस्था गरिनेछ ।
- नगरका हरेक नागरिकहरुलाई स्वास्थ्य वीमा गर्न प्रोत्साहन गरिनेछ । साथै **आर्थिक विपन्नताको कारण स्वास्थ्य वीमा गर्न असमर्थ अति विपन्न परिवारको निशुल्क स्वास्थ्य वीमाको प्रवन्ध मिलाउने कार्यलाई निरन्तरता दिइने छ ।**
- **उपप्रमुखसंग आमा सुरक्षा कार्यक्रमलाई** निरन्तरता गरिनेछ । गर्भवती तथा सुत्केरी महिलाहरुको स्वास्थ्य प्रवर्द्धनका लागि निशुल्क पौष्टिक आहार तथा सरसफाइ सामाग्री वितरण कार्यलाई निरन्तरता दिइनेछ ।
- मिर्गौला प्रत्यारोपण, डायलसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातको बिरामीलाई औषधि उपचार बापत संघिय र प्रदेश सरकारको कार्यविधि बमोजिम आर्थिक सहायता उपलब्ध गराइनेछ ।

- महिला स्वास्थ्य स्वंयमसेविकाको सेवालाई थप प्रभावकारी बनाउन प्रोत्साहन तथा क्षमता विकास कार्यक्रम अगाडी बढाइने छ ।
- समुदायमा आधारित स्वास्थ्य स्वयंसेवक, स्वास्थ्य आमा समुह, टोल विकास संस्था, सहकारी, युवा क्लव, बाल क्लव जस्ता संघ संस्था परिचालन गरि सामुदायिक स्वास्थ्य कार्यक्रम संचालन गरिने छ ।
- पाठेघरको क्यान्सर र स्तन क्यान्सरको पहिचान तथा मृगौला परीक्षणको दायरा फराकिलो बनाई समयमा नै रोग पहिचान गरि रुग्णता तथा मृत्युदर घटाउदै लगिनेछ ।
- जनस्वास्थ्य विपद तथा महामारी व्यवस्थापनका लागि आवश्यक पूर्वतयारी र रोकथाम/नियन्त्रण कार्यलाई व्यवस्थीत गर्दे लगिने छ ।
- **स्वस्थ बालक उज्वल भविष्य** भन्ने कार्यक्रम अन्तर्गत कुपोषित बालबालिकाको उपचार गर्न बहिरंग उपचार केन्द्रको विस्तार गरी निशुल्क उपचारात्मक खानाको व्यवस्था गरिनेछ ।
- मानसिक स्वास्थ्य सेवालाई व्यवस्थित गर्न छुट्टै मानसिक स्वास्थ्य नितीको निमार्ण गरिनेछ। मनोसामाजिक स्वास्थ्य समस्या भएका विरामीहरुलाई निशुल्क औषधी तथा परामर्श सेवा प्रदान कार्यलाई निरन्तरता दिइनेछ।
- बिद्यालयमा स्वास्थ्य शिक्षा र गाउमा गाउँघर क्लिनिक तथा स्वास्थ्य शिविर अभियानलाइ निरन्तरता दिइनेछ ।
- नसर्ने रोग रोकथामको लागि प्रवर्धनात्मक, प्रारम्भिक परिक्षण, उपचार तथा परामर्श सेवा अभियानका रुपमा संचालन गरिनेछ।
- गल्याङ नगर अस्पताललाई Trauma sub centre को रुपमा विकास गर्न प्रदेश तथा संघिय सरकारसंग आवश्यक समन्वय तथा पहल गरिनेछ।

## च) उद्योग, वाणिज्य तथा आपूर्ति नीति

- गल्याङ नगरपालिकाले यस आर्थिक बर्षलाई उत्पादन र उद्योगसंग जोडी कृषि उत्पादन र बजारिकरण वर्षको रुपमा कार्यक्रमहरु तय गरिनेछ।
- दिगो आर्थिक उपार्जनका लागि नगर भित्र सम्भाव्य रोजगारीमुलक र उत्पादनमुलक उद्योग स्थापनाका लागि विस्तृत अध्ययन गरि **Make In Galyang** कार्यक्रम अवधारणा ल्याइने छ।
- महिला शसक्तिकरण कार्यक्रम अन्तर्गत सिप मुलक तालिमहरु गुन्द्रुक वेसार अचार, साबुन र सरफ, मुडा बनाउने, सिलाई कटाई तालिम तथा कोदोको पिठो,मकैको आटो, गुन्द्रुक प्रशोधन तथा प्याकेजिङ कार्यक्रम ल्याइने छ।

- नेपाल सरकार र प्रदेश सरकारको सहकार्यमा पूर्वाधार विकास सहितको एक उद्योगग्राम संचालन गर्न जग्गा व्यवस्थापन गरि विस्तृत परियोजना प्रतिवेदन तयार गरिने छ ।
- नगरभित्रका वालिघरे प्रथामा आश्रीत रहेका परिवारहरुलाई आधुनिक प्रविधियुक्त तालिम र शिपको विकास गरि ब्यवसायीकरण गर्दे लगिनेछ ।
- घरेलु मदिरा लगायतका स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्दै प्रशोधन र प्याकेजिङ गर्न सहकारी संस्थाहरुसंग समन्वय गरी उत्पादन कार्यक्रममा जोड दिइने छ ।
- लक्षित समुहलाई सीप विकास तथा प्रविधि हस्तान्तरण मार्फत **एक घर एक सीप विकास** गरी रोजगारी प्रवर्धन गरिनेछ । **"गल्याङका महिला उद्दममा पहिला"** कार्यक्रम लागु गरिने छ ।
- परम्परागत पेशा अंगाल्दै आएका समुदायलाई प्रोत्सान गर्दै सबै वडामा आवश्यक तालिम संचालन गरि उद्यमशिलता विकास गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- घरेलु तथा साना उद्योगको विकास र प्रवर्धन संगै लघु उद्यम विकास कार्यक्रम मार्फत स्थानीय प्रविधि र सीप संरक्षण तथा विकास गरि वजारीकरणमा जोड दिइने छ ।
- नगर भित्रका दर्ता नगरी संचालन गरेका व्यवसायलाई व्यवसाय दर्ताको लागि प्रोत्साहन गरिने छ ।
- Start up fund कार्यक्रम मार्फत लघु उद्यमको प्रर्वद्धनका लागि संघ प्रदेश सरकार संग समन्वय तथा सहकार्य गरिनेछ ।
- आन्तरिक तथा बाह्य पर्यटनलाई प्रवर्द्धनका लागि गल्याङ नगरको बजार क्षेत्रभित्र सुविधा सम्पन्न होटलहरु संचालनका लागि आवश्यक वातावरण सिर्जना गरिने छ ।
- दैनिक उपभोग्य सामाग्रीहरुको गुणस्तर कायम राख्न बजार अनुगमन निरिक्षणलाई प्रभावकारी बनाउदै मुल्यवृद्धि नियन्त्रणमा ध्यान दिइने छ ।

## ज) कृषि तथा पशुपालन नीति

- आधुनिक र प्रविधीमैत्री कृषि ब्यवसायको विकास गर्दै नगरपालिकाले अवलम्बन गरेको **उत्पादन,उत्पादकत्व र बजारिकरण बर्ष २०८१** को प्रारम्भ गरिनेछ ।
- **मागको आधारमा नभई उत्पादनको आधारमा कृषि ब्यवसायीहरुलाई अनुदान** प्रदानलाई निरन्तरता दिइने छ । साथै उत्पादित वस्तुको न्युनतम समर्थन मुल्य

कायम गरिने छ। धान,गहुँ,मकै र आलु लगायतको विउको उत्पादन प्याकेजिङ गरि निर्यात गरिने विउमा नगरपालिकाको लोगो राखिनेछ।

- गल्याङ नगरपालिका भित्र आधुनिक र ब्यवसायिक कृषि कार्यका लागि **गल्याङ कृषि तथा पशु उद्यमशिलता परियोजना** कार्यक्रमलाई निरन्तरता दिदै विदेशबाट फर्केका युवा, विभिन्न समुदाय र वर्गका विपन्न तथा एकल हरुलाई **रोजगारमुखी पशु तथा कृषि कार्यक्रम** सञ्चालन गरिनेछ।
- बाख्रा पालन ब्यवसाय, माछा र अण्डा उत्पादनलाई ब्यवसायिक पकेट क्षेत्र निर्धारण गरिने र बंगुर,कुखुरा अन्य मासुजन्य उत्पादनमा समेत आत्मनिर्भर बनाइनेछ साथै हाल भइरहेको उत्पादनलाई बृद्धी गर्दै निर्यातलाई जोड दिइइने छ ।
- **पूर्ण रुपमा पशु खोप अभियान** प्रारम्भ गरिनेछ। साथै सञ्चालनमा रहेको **पशु वीमा कार्यक्रमलाई निरन्तरता** दिइनेछ।
- कृषि पेशालाई बैज्ञानिक ढङ्गबाट ब्यवस्थापन गरि कृषिको व्यवसायीकरण, विविधिकरण,यान्त्रिकिकरण, तथा बजारीकरणको माध्यमबाट गल्याङ नगरपालिकालाई कृषिमा आत्मनिर्भर बनाउने नीति लिइनेछ। संघीय तथा प्रादेशिक सरकार तथा गैरसरकारी संस्थाहरुको सहकार्यमा कार्यक्रम संचालन गरिनेछ।
- नेपालसरकारको कार्यक्रम बमोजिम भुमि बैंकको स्थापना गरि बाझो रहेको खेतियोग्य जमिनलाई लिजमा लिई युवाहरु लक्षित गरि **कृषि ब्यवसाय कार्यक्रम** लागु गरिनेछ।
- मकैको विउ हाल उत्पादन भइरहेको ५० लाख बराबरको निर्यातलाई बढाई करिव ७० लाख बराबरको मकै विउ उत्पादन गरिनेछ, धानको विउ उत्पादनमा समेत बृद्धि गरि दोब्बर करिव २० टन निर्यात गरिनेछ।
- **कृषक संग नगरपालिका कार्यक्रम** मार्फत कृषकले उत्पादन गरेका कृषिजन्य उत्पादनको उचित मुल्य सहितको बजारको सुनिश्चितता गरिनेछ।
- परम्परागत विउविजन वितरण एवं संरक्षण साथै माध्यामिक विद्यालयमा प्राङ्गारिक कृषि पाठशाला संचालन गरिने छ।
- ADB को सहयोगमा गण्डकी प्रदेश सरकारबाट सञ्चालन हुन लागेको NAFA project अन्तरगत सुन्तला एवोकाडो,मेकेडोनियानट कागती,किवी लगायत फलफुल तथा तरकारी उत्पादन गरी ब्यवसायिकरण र बजारिकरणमा जोड दिइनेछ ।
- कृषि यान्त्रीकरण मार्फत उत्पादन लागत तथा श्रम न्यूनिकरण गरि नयाँ बालि उत्पादनमा जोड दिदै उत्पादकत्व बृद्धीमा प्रोत्साहन गरिने कार्यलाई निरन्तरता दिइने छ।

- **"बारिमा विषादी स्वास्थ्यमा बर्वादि"** भन्ने उद्घोषका साथ आर्गानिक उत्पादनको लागि नगरभित्रको एक गांउ चयन गरी **नमुना आर्गानिक गांउ**को रुपमा विकास गरिनेछ। प्राराङ्गारिक मलको प्रयोगमा प्रोत्साहन गरिनेछ।
- खेतबारीमै कृषि प्राविधिकको सेवामा प्रत्येक वडामा खटिएका एक जना कृषि/पशु प्राविधिक हरु लाई थप सेवा सहित **कृषक सँगै कृषि प्राविधिक कार्यक्रम** लाई निरन्तरता दिइने छ।
- "बसे पनि शहर, गाउँकै खाने रहर" भन्ने उद्घोषका साथ स्वास्थयका हिसाबले राजा अन्नवाली कोदो बालीको उत्पादनलाई प्रोत्साहन गरि उपादनमा बृद्धि गरिनेछ।
- दुग्धजन्य वस्तुहरुको उत्पादनमा बृद्धी गरि विविधीकरण गर्दै लगिने छ ।
- सिरौशा, स्यालवास र जिमुहा लगायतका क्षेत्रलाई कृषि पर्यटनको रुपमा विकसित गरिनेछ ।
- कृषि क्षेत्रमा मुख्य समस्याको रुपमा रहेको **बाँदरको समस्यालाई** विभिन्न पक्ष र छिमेकी पालिकाहरुसंगको समन्वयमा अल्पकालिन र दीर्घकालिन योजना बनाई बाँदर समस्या न्युनिकरण कार्य गरिने छ।
- कृषिउपजको लागि उचित वितरण प्रणालीको विकास गरिनेछ। माटो उपचार शिविर तथा घुम्ति बाली शिविर संचालनलाई निरन्तरता दिदै माटो अनुसार खेतिको विस्तार गर्ने कार्यलाइ बढावा दिइने छ।
- विउविजन प्रयोगशालासंग समन्वय गरि खाद्यान्न तथा तरकारीको विउ उत्पादनमा जोड दिइने छ।
- कृषि क्षेत्रमा पुर्याएको योगदानको कदर गर्दै उत्कृष्ट कृषक सम्मान कार्यक्रम व्यवस्था गरिने छ।
- कृषि जैविक विविधता तथा अनुवशिंय गुण संरक्षणका लागि रैथाने बाली संरक्षण कार्यक्रम संचालन गरि संघीय सरकारको सहयोगमा मागमा आधारित खाद्यान्न विउ वितरण कार्यक्रम संचालनलाई निरन्तरता दिइने छ ।
- **एक घर एक मौरी घार** को अवधारणालाई मुर्तरुप दिन मौरी घार अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ साथै मौरी पालक किसानलाई विशेष तालिम प्रदान गरिने छ।
- च्याउ खेति मार्फत निम्न वर्गिय समुदायलाई आयश्रोतको बाटो श्रृजना गरिने छ।
- ग्रामिण कृषि सडकको विस्तार तथा स्तरोन्नति गरि कृषि उत्पादनमा वृद्धि गर्दै बजारसम्मको पहुँच थप विस्तार गरिने छ। विभिन्न सहकारीसंगको सहकार्यमा

**नगरस्तरीय विक्री तथा संकलन केन्द्र** संचालन गरि बजारिकरणको सुनिस्चितता गरिने छ ।

- सुन्तलाको भण्डारणका लागि संघ र प्रदेशसंग समन्वय र सहकार्यमा एक कोल्ड रुम तथा कोल्ड स्टोरको स्थापना गरिने छ , हाल उत्पादन भइरहेको सुन्तला उत्पादनलाई दोब्बर गरि बार्षिक करिव १० करोड बरावरको निकासी गर्ने लक्ष्य लिइएको छ जसका लागि वडा नं.५,६,७,८ र १० मा सुन्तला खेतीको थप क्षेत्र विस्तार गर्दै लगिने छ ।
- कृषिमा संलग्न जनशक्तिको सीप, क्षमता एवं दक्षता विस्तार गर्दै रोजगारीका अवसर वृद्धिका लागि प्रदेश सरकारको सहकार्यमा स्वरोजगारमूलक व्यवसायिक कृषि तालिम,र प्राङ्गारिक खेतीलाई जोड दिदै (Ipm) कृषिपाठशाला संचालन लाई निरन्तरता दिइने छ ।
- आवश्यकताको आधारमा ५० प्रतिशत अनुदानमा कृषि औजार उपकारणमा अनुदान कार्यक्रमलाई निरन्तरता गरिने छ ।
- नगरपालिकाको उच्च भागमा अकवरे खुर्सानी ओखर तथा वेमौसमी तरकारीको व्यवसायिक उत्पादनका लागि कृषकहरुलाई अभिप्रेरित गर्दै कृषि पर्यटनमा आकर्षित गर्न पकेट क्षेत्रका अलवा कृषि होमस्टेका लागि कार्यक्रम अगाडी बढाइने छ ।
- आँप लिचि केरा फलफुल खेतीको व्यवसायिक उत्पादनमा जोड दिइने छ । **सम्भावनामा आधारित फलफुल खेती कार्यक्रम संचालन गरिने छ ।**
- महिला,दलित,उत्पिडित, जनजाति, असाहय, अनाथ, अपाङ्ग,एकल महिला तथा सिमान्तकृत समुदायलाई लक्षित व्यवसायिक कृषि कार्यक्रमहरु संचालन गरिनेछ ।
- व्यवसायिक अदुवा खेतिलाई निरन्तरता दिदै नेपाल सरकारसंगको समन्वयमा मसला बाली विकासका कार्यक्रमहरु संचालन गरिने छ ।
- **सम्पास, वेलचौर, पाखिचौर, जिमुहा, कर्मचौर, छुर्ति, लल्याङ,दिमिक,मालुङ्गा र पिडीखोला लगायतका फाटहरुमा आलु उत्पादनलाई केन्द्रित गरि नगरभित्रका चिसो हावापानी भएका माथिल्लो भौगोलिक क्षेत्रमा वर्षे आलु उत्पादन गरि आलुमा वर्ष भरी आत्मनिर्भर भई निर्यातमा जोड गरिने छ । साथै नयाँ आलु पकेट क्षेत्र विस्तार गरिने छ ।**
- ह्मम्रो कृषक हाम्रो शान, दुधमा अनुदान कृषक सम्मान कार्यक्रम अन्तरगत दुधमा दिदै आएको अनुदानमा निरन्तरता दिइनेछ ।
- स्वच्छ पशु तथा पशुजन्य उत्पादनका लागि नगरका सबै वडामा **पशु स्वास्थ्य शिविर कार्यक्रम**लाई निरन्तरता दिदै लगिनेछ यसका लागि विभिन्न कार्यालयहरुसंग समन्वय समेत गरिनेछ ।

- **पशुका उन्नत नश्ल सुधार कार्यक्रम** संचालन गरिनेछ सम्भाव्यताका आधारमा यस नगरलाई दुध, मासु र अण्डामा आत्मनिर्भर बनाउन गाइभैसी, वंगुर, कुखुरा र वाखापालन कार्यक्रमलाई थप प्रभावकारी बनाई संचालन गरिनेछ ।
- छाडा छोडिएका पशु तथा चौपायालाई आश्रम दिने उद्देश्यले ग न पा १ राम्दी र गन पा ११ बन्नेडाडामा संचालित गौशाला संचालनको लागि आवश्यक अनुदान सहयोग गरिनेछ ।
- **"कृषकको हात, स्थानीय सरकारको साथ","एक घर एक करेसावारी, पकेट क्षेत्रमा व्यावसायिक तरकारी"** भन्ने अभियानका साथ संभावना भएको क्षेत्रहरुमा व्यावसायिक तरकारी उत्पादनका कार्यक्रम सञ्चालन गरिनेछ । करेसावारी बनाउने परिवारलाई विउविजन वितरणको कार्यलाई निरन्तरता दिइनेछ ।
- कृषि उद्योग, पर्यटन वाणिज्य विज्ञान प्रविधि तथा सास्कृतिक क्षेत्रमा सहयोग आदानप्रदानको लागि राष्ट्रिय तथा अन्तरराष्ट्रिय शहरहरुसंग भगिनी सम्वन्ध स्थापनाको लागि आवश्यक गृहकार्य अगाडि वढाईनेछ ।

## झ) खानेपानी तथा सरसफाई

- एक घर एक धाराको प्रदेश तथा संघीय सरकारको नीतिलाई आत्मसाथ गर्दै आगामी ३ वर्षमा नगरभित्र **एक घर एक धारा कार्यक्रम**लाई पूर्णता दिई सवै घरधुरीमा स्वच्छ पिउनेपानीको व्यवस्था थप सरल सहज र सुलभ रुपमा उपलब्धता गराइनेछ ।
- गल्याङ बजार र नगर क्षेत्रको खानेपानी समस्याको दिगो समाधानको लागि गल्याङ वृहत खानेपानी तथा सरसफाई आयोजनाका लागि संघ तथा प्रदेश सरकारसंग समन्वय गरि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- स्वच्छ पिउने पानीको व्यवस्था गर्न लागत साझेदारीमा एक घर एक Slow Sand Filters व्यवस्था गर्दै लगिनेछ ।
- गल्याङ बजारमा ढल निकास कार्यक्रमलाई थप विस्तार गर्न पहल गरिनेछ ।
- नगरभित्रका ११ वटा वडामा संचालन रहेका खानेपानी योजनाहरु समयमा नै सम्पन्न गर्न वजेट व्यवस्थापनका लागि पहल गरिनेछ ।
- पानीका श्रोतहरु मुल को संरक्षणका लागि वृक्षारोपण सरसफाई भल तथा पहिरो नियन्त्रण लगायतका कार्यक्रमहरु संचालन गरिनेछ ।
- नगरभित्र शुद्ध पिउनेपानीको लागि विभिन्न खानेपानी हरुमा प्रेसर फिल्टर ट्रिटमेन्ट प्लान्ट जडान गर्ने कार्यको सुरुवात गरिनेछ ।

- नगरभित्र विभिन्न सार्वजनिक स्थल र चोकहरुमा प्रतिक्षालय र विश्रामस्थल, सार्वजनिक शौचालयको निर्माण तथा व्यवस्थापन गरिने छ र वजार चाप क्षेत्रमा घुम्ती शौचालय संचालनमा ल्याइनेछ ।
- **फोहोरमैलाको कम्तिमा ३ समुहमा वर्गिकरण गर्ने कार्यमा समेत सहयोग पुग्ने गरि विकास साझेदारको समेत सहकार्यमा टोल विकास संस्थाहरुको क्षमता विकास गरिनेछ।**
- शौचालय विहीन अति विपन्न घरपरिवारलाई शौचालय निर्माण का लागि वस्तुगत सहायता प्रदान गरिने छ ।
- आमा समुह युवा क्लव टोल विकास समिति लगायतलाई वातावरण सरफाईमा क्रियाशिल गराई उत्कृष्टलाई पुरस्कृत गर्ने नीति लिइनेछ ।

**ञ) सिंचाई**

- नगरपालिका क्षेत्र भित्र प्रत्येक खेतियोग्य जमिनमा बाह्रै महिना सिंचाई सुविधा प्रदान गर्नको लागि प्लाष्टिक पोखरी, सिंचाई पोखरी, सिंचाई कुलो लगायत सिंचाई सुविधाहरु लिने गरि सिंचाई संरचना निर्माण तथा मर्मत सम्भार कार्यमा जोड दिइने छ ।
- आक्वा सिंचाई योजनाको मर्मत तथा स्तरोन्नति गरि गल्याङ १ मालुङ्गा, ९ को वेलचौर र ११ को लवरकोटमा सिंचाई सुविधा विस्तार गर्न विस्तृत परियोजना प्रतिवेदन (DPR)तयार गरि कार्यान्वयनमा ल्याइने छ ।
- संघ तथा प्रदेश सरकारको समन्वय र सहकार्यमा स्थानीय श्रोत र साधनको परिचालन गरि खेतियोग्य जमिनमा पर्याप्त सिंचाईको सुविधाको विस्तार गर्दै लगिनेछ । साथै निर्मित सिंचाई संरचनाहरुको मर्मत एवं स्तरोन्नती कार्यलाई निरन्तरता दिइनेछ ।
- सिंचाई सुविधाका लागि वैकल्पिक पद्धतिको रुपमा लिफ्टिङ सिंचाई पद्धतिको सम्भाव्यता अध्ययन गरि कार्य थालनी गरिनेछ । साथै अत्यावश्यक ठाँउहरुमा सिंचाई पाइप वितरणको कार्य गर्दै आएकोमा सो कार्यलाई निरन्तरता दिईनेछ ।
- नगरको विभिन्न क्षेत्रमा बहुउपयोगी पुनर्जलीय **Refill Tank निर्माण गरिने**छ ।

**ट) सहकारी तथा वित्तीय व्यवस्थाः**

- सहकारी मैत्री नीति ऐन नियम तथा कार्यविधिहरु र अन्तर सम्वन्धीत योजना तर्जुमा समयसापेक्ष परिमार्जन गरि सहकारी संस्थाको अनुगमन,निरिक्षण नियमन

तथा प्रवर्धन कार्यक्रम संचालन गर्न सूचना प्रविधिको प्रयोग गरि प्रभावकारी बनाइनेछ ।

- बिषयगत सहकारी संस्थाहरुको समन्वय समिति गठन गरि सहकारीहरुको संस्थागत क्षमता अभिबृदिका कार्यक्रम संचालन गरिनेछ । COPOMIS सञ्चालनलाई निरन्तरता दिइनेछ ।
- सहकारी सम्बन्धी तालिम गोष्ठी,शिक्षा,अध्ययन,अवलोकन र तालिम, अनुभव आदान प्रदान, जनचेतना अभियान तथा क्षमता विकास कार्यक्रम निरन्तर रुपमा संचालन गरिने छ ।
- सहकारी एवं सामुहिक खेति प्रणालीको नीति अवलम्बन गर्दै सहकारी संस्थामा रहेको बचतलाई उत्पादनशिल क्षेत्रमा परिचालन गर्न **"एक सहकारी एक उत्पादन"** कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।
- वित्तीय संस्थाहरुको तथ्याङ्क अध्यावधिक गर्दै सामाजिक उत्तरदायित्व प्रति जिम्मेवार बनाइने छ ।
- नगरभित्र संचालित वित्तीय कारोवार गर्ने सहकारी संघसंस्थाहरुलाई **लागतको न्युनतम व्याजदरमा विपन्न कृषि कर्जा लगानी गर्न प्रोत्साहन गरिनेछ ।**

ठ) **सामाजिक, सांस्कृतिक तथा पर्यटन प्रबर्द्धनः**

- समग्र नगरपालिकाको धार्मिक सांस्कृतिक र पुरातात्वीक विषयबस्तुहरु लाई समेटेर **पर्यटन गुरु योजना २०८१** तयार गरि त्यसै अनूरुप पर्यटन विकास कार्यक्रम तयार गरिनेछ ।
- विभिन्न स्थानहरुमा खुल्ला ब्यायामशाला निर्माण गरिनेछ ।
- **नगरपालिका भित्रका विभिन्न चोक तथा सिमा स्थलहरुमा साइनेज र डिरेक्सन बोर्डको व्यबस्था गरिने छ ।** नगरभित्रका धार्मिक पर्यटकीय क्षेत्रको सजावट, सरसफाई र प्रचारप्रसारको लागि स्थानीय संघ संस्थासंग समन्वय गरि कार्य अगाडी वढाईनेछ ।

- यस नगर भित्र रहेका ऐतिहासिक पूरातात्विक धार्मिक एंव पर्यटकीय महत्वका स्थानहरु लाई विशेष पर्यटकीय स्थलको रुपमा विकास गर्दै लगिने छ । गेझा कालिका, सेतिवेणी, ताम्केकोट, रामनदीधाम, आलमदेवी, केदारनाथ, बङ्रादी कालिका,देविस्थान,भाल्थुम कालिका,तार्सेशिद्ध थान, वडा नं ७ को पर्यटकीय सुन पोखरी लगायत का धार्मिक तथा पर्यटकिय स्थलहरुको विस्तृत परियोजना प्रतिवेदन तयार भईसकेको हुदा यस क्षेत्रहरुको विकासका लागि

संघ र प्रदेश सरकारसंगको समन्वयमा आवश्यक निर्माण एंव संरक्षणका कार्यक्रमलाई निरन्तरता दिइनेछ।

- धार्मिक, पौराणिक महत्वको स्थल **उत्तरवाहिनी क्षेत्रलाई पूर्वीय दर्शनको खोज अध्ययन, ध्यान, साधनाको केन्द्र प्राकृतिक चिकित्सा एवं देव तथा पितृकार्यको पवित्र स्थलको रुपमा विकास गरिनेछ ।**
- रामनदिधाम एकीकृत क्षेत्र विकास समिति गठन गरिने छ ।
- नगरपालिका भित्र रहेका कालिगण्डकी तटका विभिन्न घाटहरुमा शवदाह गृह निर्माण गरिने छ।
- कालीगण्डकी नदीमा र्‍याफ्टिङ, चिउरी-करादी क्षेत्रमा बन्जीजम्प, क्यानोनिङ र रक क्लाइम्विङको सम्भाव्यता अध्ययन गरि PP मोडलमा लगानी भित्राई रोजगारीका अवसरहरु सृजना का लागि वातावरण तयार गरिनेछ ।
- वडा नं. २ को हुलाक डाँडा, लगायत अन्य मनोरम स्थलहरुलाइ आवश्यक पुर्वाधार निर्माण गरी आकर्षक पिकनिक स्पोटको रुपमा विकास गर्दै लगिनेछ।
- धर्म संस्कृति तथा रीतीरिवाजहरुको संरक्षण र संवर्द्धनमा विशेष जोड दिइनेछ ।
- ज्येष्ठ नागरिकको अनुभव समुदायमा हस्तान्तरणको लागि अन्तरपुस्ता सञ्चार कार्यक्रम अन्तर्गत अनुभव लेखनलाई प्रोत्साहन गरिनेछ । नगरका विभिन्न क्षेत्रमा **ज्येष्ठ नागरिक** पार्क निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

**ड) भूमि व्यवस्था** :

- वैज्ञानिक भूमि व्यवस्थापन मार्फत भूमिको वगीकरण गरि कृषि क्षेत्रकोसंरक्षण मा विशेष कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- नगर भित्रका सार्वजनिक जग्गा र खोल्सा खोल्सीको पहिचान र संरक्षण गरि अतिक्रमण हुन नदिई संरक्षण गर्दै आवश्यकता अनुरुप उपयोगमा ल्याइनेछ।
- खाद्य सुरक्षाको अवस्था एकिन गरि आवश्यकता अनुसार स्वस्थ तथा गुणस्तरीय जीवनयापनका लागि आवश्यक कार्यक्रम संचालन गर्दै लगिनेछ।
- विपन्न तथा गरीव घरपरिवारको आय तथा उत्पादकत्व वृद्धधिका लागि विशेष सहुलियत सहितको कार्यलाई निरन्तरता दिइनेछ।

**ढ) महिला बालबालिका,सामाजिक सुरक्षा तथा समावेशिकरणः**

- **बालबालिका संग मेयर कार्यक्रम** लाई निरन्तरता दिदै बालबालिकाको हरेक गतिविधिमा कृयाशिलता बृद्धि का लागि थप कार्यक्रमहरु संचालन गर्दै लगिने छ। गरिनेछ ।

- सार्वजनिक सेवा प्रवाह गर्ने निकाय, सार्वजनिक स्थल, विद्यालय, मठ मन्दिर लगायत निर्मित भौतिक संरचनाहरुलाई अपाङ्गमैत्री बनाइने छ।
- घरेलु हिंसा र ज्येष्ठ नागरिक को पालनपोषण तथा हेरचाह सम्बन्धी विबाद लगायत न्यायिक समिति को क्षेत्राधिकार भित्र पर्ने समाजिक विवादहरुलाई प्राथमिकताका साथ छिटोछरितो रुपमा निरुपण गरिने छ ।
- अनाथ,असहायहरुका लागि विभिन्न संघ संस्थाको समन्वयमा आश्रयको व्यवस्था मिलाइने छ ।
- सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रणाली मार्फत उपलब्ध गराउदै वित्तीय संस्थासंग सहकार्य गरी अति असक्त नागरिकहरुलाई पायक पर्ने स्थान तथा वडा कार्यालय मा वितरण गर्न व्यवस्था मिलाइने छ ।
- बालमैत्री स्थानीय शासन कार्यक्रम संचालन गरी विद्यालय, बस्ति र वडा हुँदै नगरलाई बालमैत्री नगर घोषणा गर्ने नीति अवलम्बन गरिनेछ ।
- फरक क्षमता भएका व्यक्तिहरु, महिला, दलित, विपन्न, बहिष्करणमा परेका समुदायहरुका लागि आर्थिक सामाजिक एंव चेतनामूलक कार्यक्रम लाई थप विस्तार गरिने छ।
- समाजमा भएका सबै खाले समाजिक तथा लैंगिक हिंसा अन्त्य गर्न सचेतना कार्यक्रम संचालन गरि लैंगिक हिंसा मुक्त नगर को रुपमा विकास गरिनेछ ।
- सामाजिक विकासमा लैंगिक समानता र सामाजिक समावेशीकरणको नीति अवलम्बन गरि महिला शसक्तिकरण कार्यक्रम अन्तर्गत सीपमूलक तथा आय आर्जन सम्बन्धी कार्यक्रम लाई निरन्तरता दिइनेछ ।
- विपन्न नागरिक आवास निर्माण कार्यलाई निरन्तरता दिदै **आवास विहिनहरुको लागि आवासको व्यवस्था गरिनेछ ।**

**ण) युवा तथा खेलकुद नवप्रवर्तनः**

- **स्वस्थ युवा,सबल युवा कार्यक्रम** अन्तर्गत एक वडा एक खेलमैदान,निर्माणका लागि संघ तथा प्रदेश को समन्वयमा योजना निर्माण र बजेट व्यवस्था गरिनेछ मालुङ्गा र बेलचौरमा क्रिकेट मैदान निमार्ण गर्न पहल गरिनेछ । गल्याङ नगरपालिकाको केन्द्र गल्याङ बजारमा निर्माणाधिन कवर्डहल निर्माण सम्पन्न गर्न आवश्यक भौतिक संरचना निर्माण गरिनेछ**।**

- वैदेशिक रोजगारीमा जाने बढ्दो प्रवृत्तिलाई स्वदेशी उद्यममा आकर्षण गर्न स्वदेशी वस्तुहरुको उत्पादन, प्रवर्द्धन र बजारीकरणलाई प्रोत्साहन गरिनेछ ।

- गल्याङ नगरपालिकाको सामाजिक विकासका क्षेत्रहरुमा युवा परिचालन गर्ने नीति लिइनेछ ।
- कुलत र दुर्व्यसन बाट मुक्त सृजनशील, संस्कारित युवा शक्ति निर्माणमा Say No to Drugs कार्यक्रम सञ्चालन गरिनेछ ।
- युवाहरूको बहुआयमिक प्रतिभा विकास का लागि **मेयर कप खेलकूद प्रतियोगिता** सन्चालन गरिनेछ साथै राष्ट्रपति रनिङशिल्ड लगायत अन्य खेलकुद गतिविधिको संचालन गरि युवा तथा वालवालिकाको खेल प्रतिको प्रतिस्पर्धी क्षमता विस्तार गरिनेछ ।
- उत्कृष्ट खेलाडी सम्मान तथा प्रतिभा पहिचान कार्यक्रम संचालन गरिनेछ ।
- युवाहरुमा स्वरोजगार उन्मुख गराउन युवा उद्यमशिलता प्रवर्धन कार्यक्रम लाई थप प्रभावकारी ढंगले संचालन गरिनेछ ।
- खेलुकद विकास कार्यक्रम अन्तरगत विद्यालय स्तरमा प्रशिक्षकहरुको व्यवस्था गर्दै लगिने छ। कराते खेलको प्रशिक्षणलाई सबै सामुदायिक माध्यमिक विद्यालयहरुमा पुर्‍याइने छ।
- नगरस्तरीय खेलमैदान निर्माणको लागि आवश्यक जग्गा प्राप्तीको कार्य सम्पन्न भएको हुदा वडा नं २ मा निर्माणाधिन नगर स्तरिय खेलमैदानलाई सुविधा सम्पन्न खेल मैदानको रुपमा विकास गरिनेछ ।
- वैदेशिक रोजगारबाट फर्केका युवाहरुको सिप परिक्षण गरि उनिहरुको सिपलाइ ब्यवहारिक प्रयोग गर्ने निति लिइनेछ ।

## त) सूचना प्रविधि तथा संचार

- अनलाईन दर्ता चलानी, डिजिटल डिस्प्ले प्रणाली थप प्रभावकारी बनाउदै केन्द्रीकृत वेव वेस्ड ई-हाजिरी लाई अनुगमन सहित प्रभावकारी बनाईने छ। महत्वपूर्ण कागजपत्रलाई दीर्घकाल सम्म जोगाइराख्न अफिस अटोमेशन प्रणाली को विकास गरिनेछ ।
- सूचना प्रविधिमैत्री सेवा प्रवाहको अवधारणालाई उच्च प्राथमिकतामा राख्दै सेवा प्रवाहको नविनतम कार्यहरुलाई विकास गर्दै लगिनेछ ।
- प्रविधिको गलत प्रयोग र त्यसको अपराधबाट बच्नका लागि जनचेतनामुलक कार्यक्रम लाई थप प्रभावकारी बनाउदै लगिनेछ ।
- विद्युतीय शासनको महत्वपुर्ण साधनको रुपमा तयार गरिएको गल्याङ नगरपालिकाको APPS प्रयोग गरी आम नागरिकमा सूचनाको पहुँच विस्तार गरिनेछ ।
- नगरपालिकाको प्रशासकीय भवनलाई आधुनिक सूचना प्रविधियुक्त बनाईनेछ ।

## थ) वन, वातावरण तथा विपद व्यवस्थापनः

- दिगो विकासको लक्ष्य अनुरुप बन तथा भुसंरक्षण, जलाधार संरक्षण तथा जल उत्पन्न प्रकोप नियन्त्रण,जलबायु परिवर्तन अनुकुलित वातावरण संरक्षण, र विपद व्यवस्थापनमा जोड दिइनेछ ।
- स्वच्छ र हरियाली वातावारणका लागि सार्वजनिक स्थलमा वृक्षरोपण गर्दै आधुनिक उद्यानको निर्माणमा जोड दिइनेछ। नगरभित्रका निर्माण सम्पन्न मुख्य सडक तथा ग्रामिण सडकको किनारामा वृक्षारोपण कार्यक्रम संचालन लाई निरन्तरता दिइने छ।
- विपद जोखिम न्यूनिकरण जलवायु अनुकुलन वातावरण संरक्षण फोहोरमैला व्यवस्थापन तथा जलाधार संरक्षणसंग सम्बन्धित कार्यहरुलाई एकीकृत ढंगले अगाडी बढाउन नीतिगत संस्थागत र प्रक्रियागत सुधार गरिनेछ।
- नगर भित्र हुने भूस्खलन, बाढी पहिरो नियन्त्रण गरि बाढि पहिरोका कारण जोखिममा परेका बस्ति सँरक्षणका लागि अम्रीसो निगाली बाँस रोपण संगै अन्य उपाय अवलम्बन गरि निरन्तरता सहित थप प्रभावकारी कार्यक्रम सञ्चालन गर्दै गरिनेछ ।
- वन क्षेत्रको विकासको लागि सामुदायिक वनमा पुरानो काठ कुकाठलाई हटाई अति उपयोगी र बहुमुल्य काठको विकास गर्न वृक्षारोपणका साथै जडिवुटी अध्ययन अनुसन्धान गरि बजारीकरणका लागि आवस्यक अध्ययन कार्य आगाडी बढाइनेछ ।
- वातावरण संरक्षण तथा विपद व्यवस्थापनका लागि विपद व्यवस्थापन कोष स्थापना गरी परिचालन गर्दै लगिनेछ।
- वातावरण संरक्षण, शहर एवं वस्ति सरसफाईका साथै विपद व्यवस्थापनमा युवा स्वयंसेवक परीचालन गर्दै लगिनेछ।
- सामुदायिक वनको खाली ठाउँमा वन कार्यालय सँग समन्वय गरि वृक्षारोपण कार्यक्रमलाई निरन्तरता दिदै थप प्रभावकारी कार्यक्रम सञ्चालन गर्दै गरिनेछ ।
- बाढी पहिरो जोखिम क्षेत्रहरूको पहिचान गरी विपतको पूर्व सूचना प्रणालीको विकास गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- सदियौ पहिले देखि निर्माण भएका चौताराहरूको संरक्षणको नीति अवलम्वन गरिनेछ । माटो संरक्षणका लागि पहिरो सम्भावित क्षेत्र खोला,नदि तथा खोल्सीहरुमा तटवन्धन निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

**नगरसभाका सदस्यहरु,**

प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट उच्चदरको आर्थिक वृद्धि र पारस्पारिक सम्मान र अवसर सहित सामाजिक न्याय कायम हुने छ । यस नीति तथा कार्यक्रम कार्यान्वयनमा सबै बाट सक्रिय र सकरात्मक सहयोग हुने विश्वास लिएको छु ।

यस नीति तथा कार्यक्रम प्रस्ताव गर्दा संघ,प्रदेश र स्थानीय श्रोत साधनको परिचालन गरी विकासलाई समावेशी र समन्यायिक बनाउदैं जनशक्ति विकास, रोजगारी श्रृजना र सुशासन कायम गर्ने उद्देश्यलाई केन्द्रविन्दुमा राखिएको छ ।

अन्तमा, गल्याङ नगरपालिकालाई मन मुटुमा राख्दै जन्मभूमी र कर्मभूमीको रुपमा माया गर्नुहुने देश विदेशमा रहनु भएका सम्पुर्ण नगरबासीहरुलाई धन्यवाद दिनु चाहान्छु। शिक्षित, स्वस्थ्य ,व्यवसायिक शहर, - उत्थानशिल, समृद्ध गल्याङ नगर" भन्ने मान्यतालाई आत्मसाथ गर्दै हाम्रा गतिविधि र कार्यक्रम अगाडी बढाएका छौ । यहि नारालाई आत्मसाथ गर्न हामी सबैलाई आपसी हार्दिकता र एकता सहित समुन्नत गल्याङ निर्माणमा एकाकार हुन सम्पुर्णमा हार्दिक अनुरोध गर्दछु ।

धन्यबाद ।।